बालमैत्री स्थानीय शासन
Child Friendly Local Governance

“बालमैत्री स्थानीय शासन प्रवर्द्धन गरौँ,बालबालिकामा लगानी गरौँ”

# बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि नागरिक संघसंगठनको भूमिका




प्रकाशन
N-CFLG Forum
For the Children

सहयोग
Save the Children

संयोजन
JCYCN
2001
JAGRITI CHILD AND YOUTH CONCERN NEPAL
जागृति बाल तथा युवा सरोकार नेपाल

# बालमैत्री स्थानीय शासन कार्यन्वयनमा नागरिक संघसंगठनको भूमिका, २०७७


लेखन तथा संयोजन: तारक धिताल
नुर जंग शाह
दिपकप्रसाद बस्याल
भाषा सम्पादन : देबकी आचार्य
सम्पादन सल्लाकार : तिलोत्तम पौडेल
रविन्द्र गौतम
सरोज के.सी.

सम्पादन सहयोगी : सुमिक्षा खड्का
डिजाइन : इकिगाई टेक्नोलोजी (९८४१३०२६०५)




# प्रकाशकीय

बालमैत्री स्थानीय शासन बालअधिकारका सवाललाई स्थानीय शासन पद्धतिमा मूलप्रवाहीकरण गरी बालअधिकारका सम्बन्धमा नेपाल सरकारले गरेका प्रतिबद्धताहरूलाई व्यवहारमा ल्याउने प्रणाली हो । नेपाल सरकारले २०६८ सालमा बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति तथा कार्यन्वयन कार्यविधिको अनुमोदन गरी यस अवधारणालाई ठोस स्वरुप प्रदान गरेको छ । यस अवधारणाले बालबालिकाको अर्थपूर्ण सहभागिताको आधारमा उचित नीति, योजना, कार्यक्रम र बजेटको व्यवस्था साथसाथै बालकेन्द्रित लगानी तथा विकास योजनाको कार्यन्वयन गरी बालमैत्री घोषणाको परिकल्पना गरेको छ र घोषणा गर्न निश्चित प्रक्रिया समेत तोकेको छ ।

बालमैत्री स्थानीय शासन अवलम्बन तथा घोषणाका लागि सम्पूर्ण सरोकारवालाहरूको एकीकृत भूमिका र सार्वजनिक नीजि साझेदारी अत्यन्त महत्वपूर्ण रहेको छ । हालसम्मको अभियानमा विभिन्न स्थानीय तहहरूमा विकासका साझेदार संस्था र नागरिक संघसंगठनले स्थानीय सरकारसँगको समन्वयमा बालमैत्री अवधारणा थालनी गरी र सोही बमोजिम घोषणाको लागि महत्वपूर्ण भूमिका खेल्दै आईरहेका छन् । साथै बालमैत्री घोषणा भएका विभिन्न स्थानहरूको अध्ययनले समेत नागरिक संघसंगठन, निजी क्षेत्र, स्वास्थ्य कार्यकर्ता, बालक्लव, बालक्लवका पूर्व सदस्यहरू सहित संघसंस्थाहरूको विशेष योगदान रहेको देखिएको छ । यसै निष्कर्षलाई मध्यनजर गर्दै बालमैत्री स्थानीय शासन अभियानलाई कार्यन्वयन र घोषणाका लागि नागरिक समाजलाई मार्गदर्शन गर्ने उद्देश्यका साथ बालमैत्री स्थानीय शासन राष्ट्रिय मञ्चले सेभ द चिल्ड्रेनको सहयोगमा यस पुस्तिका तयार पारेको छ । यस पुस्तिकाका लेखन तथा संयोजक नुर जंग शाह र दिपकप्रसाद बस्याल, भाषा सम्पादन गर्ने देबकी आचार्य, सम्पादन सहयोगी सुमिक्षा खड्का तथा विषय विज्ञको रूपमा महत्वपूर्ण सुझाव र मार्गदर्शन दिने तारक धिताल र डिजाइनको लागि इकिगाई टेक्नोलोजी तथा आर्थिक सहयोगकर्ता सेभ द चिल्ड्रेनलाई विशेष धन्यवाद प्रकट गर्दछु । सचिवालयको भूमिका निर्वाह गर्ने जागृति बाल तथा युवा सरोकार नेपाल प्रति कृतज्ञ छौँ । यो पुस्तक सम्पूर्ण नागरिक समाज तथा स्थानीय सरकारलाई बालमैत्री स्थानीय शासन प्रवर्द्धन गर्न उपयोगी हुने विश्वास लिएका छौँ ।

तिलोत्तम पौडेल
संयोजक
बालमैत्री स्थानीय शासन राष्ट्रिय मञ्च



# विषय-सूचि


१. परिचय ..... १
२. औचित्य ..... १
३. उद्देश्य ..... १
४. कानून तथा नीतिगत व्यवस्था ..... २
    ४.१ अन्तर्राष्ट्रिय दस्तावेजहरू ..... २
    ४.२ राष्ट्रिय कानूनी दस्तावेजहरू ..... २
५. बालमैत्री स्थानीय शासन अवलम्बन, कार्यन्वयन र घोषणाका क्रममा ध्यान दिनुपर्ने पक्षहरू ..... ३
    ५.१ अभिलेख व्यवस्थापन ..... ३
    ५.२ स्रोत व्यवस्थापन ..... ४
    ५.३ जनसहभागिता ..... ५
६. ६. बालमैत्री स्थानीय शासन कार्यान्वयनका चरण ..... ५
    ६.१ प्रारम्भिक ..... ५
    ६.२ तयारी ..... ६
    ६.३ योजना तर्जुमा ..... ६
    ६.४ नीति तथा योजना कार्यान्वयन ..... ६
    ६.५ अनुगमन, मूल्याङ्कन ..... ७
    ६.६ बालमैत्री वडा/गाउँपालिका/नगरपालिका घोषणा ..... ७
    ६.७ बालमैत्री वडा/गाउँपालिका/नगरपालिका घोषणाको निरन्तरता ..... ७
७. बालमैत्री स्थानीय तह घोषणा ..... ७
८. बालमैत्री स्थानीय शासनका सूचकहरू ..... ८
९. तहगत कार्यान्वयन प्रक्रियामा नागरिक समाजको भूमिका ..... ८
    ९.१ संघ तह ..... ८
    ९.२ प्रदेश तह ..... ९
    ९.३ स्थानीय तह ..... ९

## १. परिचय

बालमैत्री स्थानीय शासन राष्ट्रिय मञ्च बालमैत्री स्थानीय शासनको अवधकारणालाई प्रवर्द्धन गर्न लागिपरेका बालक्लवका पूर्व सदस्यहरुको नेतृत्वमा सन् २०१७ मा स्थापना गरिएको राष्ट्रिय सञ्जाल हो । यसको सचिवालय जागृति बाल तथा युवा सरोकार नेपालमा रहेको छ । यस संजालमा बालक्लवका पूर्व सदस्यहरूको नेतृत्वमा १५ वटा बालमैत्री स्थानीय शासनमा काम गर्ने संस्थाहरू आवद्ध रहेका छन् ।

बालमैत्री स्थानीय शासन बाल अधिकार सम्बन्धी समग्र पक्ष (बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता)को प्रवर्द्धन गरी नेपालको संविधान अनुरुप स्थानीय तहमा सुशासन अभिवृद्धि गर्नका लागि ल्याइएको अवधारणा हो ।

बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीतिका अनुसार "बाल बचाउ, बाल संरक्षण, बाल विकास र अर्थपूर्ण बाल सहभागिता जस्ता बालअधिकारका सवाललाई स्थानीय तहको नीति, संरचना, प्रणाली, कार्य प्रक्रिया र व्यवहारमा संस्थागत गर्ने शासकीय पद्धति नै बालमैत्री स्थानीय शासन हो ।" बालमैत्री स्थानीय शासनले स्थानीय तहलाई बालबालिकाको हितमा योजना तर्जुमा, स्रोतको विनियोजन, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन जस्ता कार्य गर्न सहजता ल्याएको छ ।

बालअधिकार सम्बन्धी महासन्धिले सुनिश्चित गरेका बालबालिकाका अधिकारहरूको प्रवर्धन र कार्यान्वयनका लागि बालअधिकारका मुलभूत चार क्षेत्रहरू बचाउ, विकास, संरक्षण र सहभागितासम्बन्धी विषयहरूलाई स्थानीय तहको नीति, संरचना, प्रणाली, कार्यप्रक्रिया र व्यवहारमा संस्थागत गर्ने शासकीय पद्धतिलाई नै बालमैत्री स्थानीय शासन भनिएको हो । यस पद्धतिले बालबालिकाको अर्थपूर्ण सहभागितामा उनीहरूकै निम्ति अनुकूल हुने गरी योजना तर्जुमा, बजेट विनियोजन, गाउँ तथा नगर सभाबाट यस्ता योजना तथा बजेट स्वीकृत, स्वीकृत योजनाको कार्यान्वयन तथा अनुगमन र मूल्याङ्कन गर्न सघाउँदछ ।

## २. औचित्य

नेपाल सरकारले बालमैत्री स्थानीय शासनका लागि आवश्यक कार्यविधि तथा रणनीति तयार गरी विगतको एकात्मक शासन पद्धति अनुरुप कार्यान्वयनलाई अगाडि बढाउँदै आएको अवस्थामा हाल शासकीय पुनर्संरचनामा तीन तहको सरकारको व्यवस्था रहेको र नेपालको संविधानको अनुसूचि-८ तथा अनुसूचि-९ बमोजिम तीनै तहका सरकारले आ-आफ्नो अधिकारको दायरामा रही नीति तथा कार्यक्रम सञ्चालन गर्दै आएको अवस्थामा स्थानीयतहमा बालमैत्री स्थानीय शासन कार्यान्वयनमा नागरिक समाजको भूमिका सम्बन्धी यो अवधारणा तयार गरिएको हो ।

## ३. उद्देश्य

बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०६८ को मूलभूत पक्षहरूलाई परिवर्तित शासकीय संरचना अनुरुप स्थानीय सरकारलाई आफ्नो नीति तथा कार्यक्रम मार्फत बालमैत्री स्थानीय शासनलाई प्रवर्द्धन गर्नका लागि नागरिक समाजको भूमिकामा स्पष्टता ल्याई स्थानीय सरकारलाई सघाउ पुऱ्याउनु ।

## ४. कानून तथा नीतिगत व्यवस्था

बालबालिकाको अधिकारका निम्ति जारी भएका थुप्रै राष्ट्रिय कानूनी तथा नीतिगत व्यवस्थाका साथै नेपालले अंगीकार गरेका अन्तर्राष्ट्रिय दस्तावेजहरू समेतका आधारमा बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०६८ र बालमैत्री स्थानीय शासन: राष्ट्रिय रणनीति, २०६८ र बालमैत्री स्थानीय शासन: कार्यान्वयन कार्यविधि र रणनीति, २०७७ (मस्यौदा) निर्माण भएको हो । बालअधिकारका समग्र विषयलाई स्थानीय तहको नीति, संरचना, कार्य प्रणाली र व्यवहारमा संस्थागत गर्ने शासकीय पद्धतिका रूपमा विकास र अभ्यास गर्नका लागि तयार भएको बालमैत्री स्थानीय शासन: राष्ट्रिय रणनीति तथा कार्यविधिलाई समयानुकुल स्पष्टता ल्याउनका लागि रणनीति तथा कार्यविधिले टेकेका देहायका कानूनी तथा नीतिगत व्यवस्थाहरू समेतलाई आधार मानि यस अवधारणा ल्याइएको छ ।

### ४.१ अन्तर्राष्ट्रिय दस्तावेजहरू

१. मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणा-पत्र, १९४८

२. बाल अधिकार सम्बन्धी महासन्धि, १९८९

३. दीगो विकास लक्ष्य, सन् २०१६-२०३०

४. जेनेभा महासन्धिहरू

५. दक्षिण एसिया बाल कल्याण प्रर्वद्धनका लागि क्षेत्रीय व्यवस्थासम्बन्धी सार्क महासन्धि, २००२

६. सुरक्षा परिषद्को १६१२ घोषणा

७. नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञा-पत्र, १९६६

### ४.२ राष्ट्रिय कानूनी दस्तावेजहरू

१. नेपालको संविधान

२. मुलुकी अपराध (संहिता) ऐन, २०७४

३. मुलुकी देवानी (संहिता) ऐन, २०७४

४. बालबालिका सम्बन्धी ऐन, २०७५,

५. स्थानीय सरकार सञ्चालन ऐन, २०७४,

६. बालश्रम (निषेध तथा नियमित गर्ने) ऐन, २०५६

७. बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८

८. बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०६८

९. बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२



N-CFLG Forum
For the Children

## ५. बालमैत्री स्थानीय शासन अवलम्बन, कार्यान्वयन र घोषणाका क्रममा ध्यान दिनुपर्ने पक्षहरू

### ५.१ अभिलेख व्यवस्थापनः

बालमैत्री स्थानीय शासन अवलम्बन गर्ने सन्दर्भमा आवश्यक सबै वडास्तरीय सूचना जानकारीहरूको पूर्ण अभिलेख सम्बन्धित वडामा र सो लगायतका समग्र सूचना जानकारीहरूको पूर्ण अभिलेख गाउँ/नगर पालिकामा सुरक्षित, व्यवस्थित र अद्यावधिक गरी राखिएको हुनु पर्दछ ।

- बालमैत्री स्थानीय शासन अवलम्बन गर्ने गाउँ/नगर कार्यपालिकाबाट निर्णय गरी गाउँ/नगर सभाबाट पारित गरी अभिलेख सुरक्षित राख्ने ।
- बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि पर्याप्त छलफल गरी जिम्मेवारी, मानवीय तथा आर्थिक स्रोत, अवधी, विधि जस्ता कुराहरू खुल्ने गरी सबैपक्ष समेटिएको कार्ययोजना बनाई अभिलेखीकरण तथा कार्यन्वयन गर्ने ।
- बालमैत्री आचारसंहिता तयार गरी सरोकारवाला सबैलाई प्रचार–प्रसार गरी अभिलेख तयारी गर्ने ।
- बालमैत्री स्थानीय शासन राष्ट्रिय रणानीतिले उल्लेख गरे अनुसार सबै सरोकारवालाहरूको अर्थपूर्ण सहभागिता बालमैत्री स्थानीय शासन कार्यन्वयनका लागि आवधिक लगानी योजना तयार गरी कार्यान्वयनका लागि कार्यपालिकाबाट पारित गर्ने ।
- नगर र गाउँ स्तरमा स्थापना भएका सबै बालक्लव तथा संजालहरूलाई वडामा आवद्धता प्रदान गरी प्रमाण–पत्र दिने साथै सबै बालक्लवको विवरण (नाम, ठेगाना, उद्देश्य, बालक बालिका, समावेसी भए–नभएको सम्पर्क व्यक्ति, सम्पर्क नं. जस्ता विवरण खुल्ने गरी) अभिलेखीकरण गर्ने ।
- विभिन्न समिति (जस्तै : बाल अधिकार समिति, बाल मैत्री स्थानीय शासन समिति, बाल संरक्षण तथा सम्वर्द्धन समिति)हरूको नियमित वैठक बसी भएका निर्णयहरूको अभिलेख राख्ने ।
- बालमैत्री स्थानीय शासन कार्यविधिले दिएको ढाँचामा थपघट गरी नियमित रूपमा बालबालिकाको स्थिति–पत्र प्रकाशन गर्ने ।
- बालबालिकासँग सम्बन्धित भएका सबै नीति, योजना, कार्यक्रम र बजेट विनियोजन तथा कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनको तथ्यमा आधारित भई अभिलेखीकरण गर्ने ।

## ५.२ स्रोत व्यवस्थापन

बालमैत्री स्थानीय शासन अवलम्बन गर्ने सन्दर्भका कार्यान्वयन प्रक्रिया देखि सूचकहरू अनुरुपको उपलब्धि हासिल गर्न एवम् सोको निरन्तरता कायम गर्न मूलत: तिनै तहको सरकारलाई उपलब्ध राज्यकोषका अतिरिक्त विकासका साझेदार संस्था, निकाय, नीजिक्षेत्र, समुदाय लगायतको स्रोत परिचालन गर्न सकिनेछ ।

- संघीय तथा प्रदेश सरकारले स्थानीय तहलाई सशर्त अनुदान/लक्षित कार्यक्रम सञ्चालन गर्न उपलव्ध अनुदान ।
- विकास साझेदारहरुले यस रणनीतिको कार्यान्वयनको लागि सामुहिक वा छुट्टा–छुट्टैरूपमा कार्यक्रम सहयोग वा बजेटगत सहयोग वा अन्य मानव स्रोत साधनको सहयोगको रूपमा समझदारी–पत्रमा उल्लेख भए बमोजिम उपलव्ध थप वित्तीय सहयोग ।
- बालक्लवका पूर्व सदस्य, बाल अधिकारकर्मी, तथा सामाजिक संघ संस्थाका प्रतिनिधिहरूलाई स्रोत व्यक्ति, सहजकर्ता, सामाजिक परिचालक आदिका रूपमा परिचालन ।
- स्थानीय स्तरमा सञ्चालित सहकारी, निजी व्यवसायिक प्रतिष्ठान, सार्वजनिक संस्थान लगायतले आफ्नो सामाजिक दायित्वका रूपमा यस अभियानमा आर्थिक, मानवीय वा प्रविधिक सहयोग उपलब्ध गराउने ।
- बालमैत्री स्थानीय शासनका केही सूचकहरू प्राप्त गर्नका लागि छुट्टै आर्थिक स्रोत जुटाउनुपर्छ भन्ने पनि छैन । विभिन्न विकास कार्यक्रमहरूमा बाल मैत्री ढङ्गबाट योजना तर्जुमा, कार्यन्वयन र मूल्याङ्कन गर्दा पनि कतिपय सूचक पुरा गर्न सकिन्छ ।
- स्थानीय तहले बालबालिकाको लागि आवधिक तथा वार्षिक लगानी योजना तर्जुमा गर्ने र यसको कार्यान्वयनको लागि आफ्नो कुल पूँजीगत बजेटको निश्चित प्रतिशत रकम विनियोजन गर्ने ।
- गैर सरकारी संस्था र अन्य सहयोगी संस्थाहरूले आवधिक तथा वार्षिक योजनासँग सह–सम्बन्ध कायम राखी बजेट सहयोग वा कार्यक्रम सञ्चालनमा उपलव्ध सहयोग गर्ने ।
- संघीय तथा प्रदेश मन्त्रालयले स्थानीय तहको अनुगमन मूल्याङ्कन लगायतको आधारमा स्थानीय तहलाई उपलब्ध वार्षिक एकमुष्ट विशेष अनुदान/थप आर्थिक अनुदान ।
- बालमैत्री स्थानीय शासनको अवधारणालाई लक्षित समूह र समुदायसम्म पुर्‍याउन शिक्षक, स्वास्थ्य स्वयम्सेविका, बालक्लव, किशोर समूह, बालक्लवका पूर्व सदस्य, राजनीति पार्टी, आमा समूह, धार्मिक व्यक्तित्व, युवाक्लव तथा संजाल र सामाजिक संघ–संस्थाहरूको भूमिका महपूर्ण हुन्छ । त्यसैले यस्ता स्थानीय सामाजिक संघ सस्था र संजालहरूको क्षमता अभिबृदि गर्न स्थानीय सरकारले लगानी गर्नुपर्छ ।

- न.पा., गा.पा.को बालबालिकासँग सम्बन्धित शाखा अन्तर्गत बाल मैत्री इकाइ वा शाखा वा सम्पर्क व्यक्ति तोकी कार्यविभाजन गर्नुपर्छ ।

- बालमैत्री स्थानीय शासन कार्यन्वयन र घोषणा पूर्व तयार पारिएको आवधिक र रणनीतिक योजनालाई सम्बन्धित तहको आवधिक तथा वार्षिक योजनामा समेत समावेश गरिएको हुनुपर्छ

## ५.३ जनसहभागिता

- बालमैत्री स्थानीय शासनको अवधारणा कार्यन्वयन गर्नका लागि कुनै निश्चित व्यक्ति वा सस्थाको पहलले मात्र पुग्दैन । तसर्थ, अधिकतम जनसमुदायको सहभागिता गराउन पहल गर्नुपर्छ ।

- स्थानीय स्तरमा सञ्चालित संचार माध्यम, सहकारी, बैंक, उद्योग, कलकारखाना, होटेल व्यवसाय, निजी, समुदायिक तथा सार्वजनिक व्यवसाय, फर्म, संघ–सस्था लगायतको महत्वपूर्ण भूमिका हुन्छ । उनीहरूलाई कसरी सँगसँगै लैजाने भन्ने कार्ययोजना हुनुपर्छ ।

- समुदायका सबै जातजाति, भाषाभाषी, धर्म, वर्ग, लिङ्ग, सम्प्रदाय र संस्कृति मान्ने जनसमुदायको समावेशिता र अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनुपर्छ ।

## ६. बालमैत्री स्थानीय शासन कार्यान्वयनका चरण

बालमैत्री स्थानीय शासन कार्यान्वयन एकैपटक र पर्याप्त स्रोत साधन हुँदैमा मात्र हुने विषय होईन । बालमैत्री स्थानीय शासनको अवलम्बन एकैपटक सम्पूर्ण गाउँ वा नगर पालिका भरी नै गर्नसकिनेछ भने अवस्थाअनुसार निश्चित वडाहरूबाट पनि शुरुवात गर्न सकिनेछ । यो एक पटक घोषणमात्रै गर्ने नभई निर्धारित सूचक अनुरुपको उपलब्धिलाई निरन्तरता दिने तर्फ समेत पर्याप्त ध्यान पुऱ्याउनु पर्दछ । बालमैत्री स्थानीय शासन कार्यन्वयनका लागि ७ चरण पुरा गर्नुपर्ने हुन्छ ।

## ६.१ प्रारम्भिक

बालमैत्री स्थानीय शासन अवलम्बन पश्चात सम्बन्धित पालिकाले बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति र कार्यान्वयन कार्यविधिले निर्धारण गरेको साविकका ३९ वटा सूचक तथा स्थानीय आवश्यकतानुरुप परिमार्जित मस्यौदामा समावेश थप १२ वटा सूचकसमेतमा आधारित भई गाउँपालिका/नगरपालिकामा बालबालिकाको अवस्थाका बारेमा संक्षिप्त अध्ययन विश्लेषण गर्नु पर्दछ । जसले गर्दा पालिकामा बालबालिकाको तत्कालीन अवस्था पत्ता लगाई नीति, योजना, कार्यक्रम र बजेट निर्माणका लागि सघाउ पुग्दछ । सरोकारवालाहरूको पहिचानगरी बालमैत्री स्थानीय शासनको अवधारणा सम्बन्धी अभिमूखीकरण गरी कार्यान्वयनको लागि लिखित प्रतिवद्धता लिने कार्य यस चरणमा गर्नु पर्दछ । बालमैत्री स्थानीय शासनको अवलम्बनका लागि केहि कानून/नीति/रणनीति/कार्यविधि/निर्देशिका र आचार संहिता आवश्यक पर्दछन् तिनको तर्जुमा गर्ने कार्य पनि प्रारम्भिक चरणमा गर्नुपर्दछ ।

## ६.२ तयारी

बालमैत्री स्थानीय शासन अवलम्बन र कार्यन्वयनको दोस्रो चरणमा सम्बन्धित जिल्लाको जिल्ला समन्वय समिति, नगरपालिका/गाउँपालिकामा बालमैत्री स्थानीय शासन महाशाखा/शाखा/इकाईको संस्थागत प्रवन्ध गर्न बालमैत्री स्थानीय शासन सम्पर्क शाखा र सम्पर्क व्यक्ति तोक्ने । गाउँ/नगर कार्यपालिका, वडा कार्यालय र विषयगत शाखामा बालमैत्री स्थानीय शासन घोषणाका लागि आवश्यक समन्वय सहकार्य र व्यवस्थित अभिलेखीकरणका लागि सम्पर्क व्यक्तिको चयन र निजलाई जिम्मेवारी प्रदान गर्ने । बालमैत्री स्थानीय शासनलाई वडा र समुदायस्तरसम्म विकास र विस्तारका लागि निश्चित सूचक/मापदण्ड तयार गर्ने र त्यसका आधारमा वडा छनौट गरी ती वडाहरूमा बालमैत्री स्थानीय शासनलाई अवलम्बन अर्थात लागू गर्ने गरी गाउँपालिका/नगरपालिकाले निर्णय गर्ने । यसरी निर्णय गर्दा सकेसम्म बढि सूचकहरू पुरा रहेको वा सुचकको अवस्था राम्रो भएका वडाहरूबाट सुरु गर्ने । जसले गर्दा कामगर्न सहज र सकारात्मक उर्जा प्राप्त गर्न सकियोस् । बालमैत्री स्थानीय शासन पालिका वा वडाको मात्र पहलबाट हासिल गर्न सम्भव नहुने हुँदा समुदाय र विद्यालय स्तरमा बालक्लव, वडा र पालिका तहमा बालक्लव संजाल, स्वास्थ्य स्वयमसेविकाहरू, समुदायस्तरमा टोल विकास संस्था तथा समुदायमा आधारित अन्य संस्थाहरूको गठन र परिचालन गर्दा बालमैत्री स्थानीय शासन पुरा गराउन सहज र छिटो हुन्छ । हरेक बालबालिकाले आफ्ना अभिभावक नभएको अवस्थामा तथा अभिभावकको आर्थिक अवस्था कमजोर भएको अवस्थामा पनि समुदायमै बसेर हुर्कन, बढ्न तथा पढ्न पाउनु पर्दछ । त्यसको सुनिश्चितताका लागि आवश्यक पर्ने बालकोष सञ्चालन गर्न आवश्यक कार्यविधि तयारी गरी बालकोष स्थापना र निरन्तर सञ्चालन गर्नु पर्छ । बालबालिकाको वस्तुगत विवरण (प्रोफाईल) तयारी र प्रकाशन पनि दोस्रो चरण अन्तर्गत गर्नु पर्दछ ।

## ६.३ योजना तर्जुमा

बालमैत्री स्थानीय शासनको कार्यान्वयनका लागि निर्धारित सूचकहरूको मापनलाई सहज बनाउनका लागि सूचकको स्थानीयकरण गर्न सकिन्छ । मुख्य सूचकहरूलाई नघटाई केहि सूचकहरू थप गर्न र न्यूनतम सूचक निर्धारण गर्न पनि सकिन्छ । हरेक पालिकाले आफ्नो बजेटको अधिकतम् प्रतिशत रकम बालबालिकाको क्षेत्रमा लगानी गर्ने प्रतिवद्धता सहित गाउँ/नगर सभाले निर्णय गर्नुपर्दछ । बालमैत्री स्थानीय शासन कुनै छोटो वा निश्चित अवधिका लागि नभई दिर्घकालीन रूपमा निरन्तर चलिरहने प्रक्रिया हो । तसर्थ हरेक वडा र स्थानीय तहमा बालबालिकाको लागि आवधिक/दिर्घकालीन र वार्षिक लगानी योजना तर्जुमा गर्नु पर्दछ ।

## ६.४ नीति तथा योजना कार्यान्वयन

बालमैत्री स्थानीय शासन सिमित क्षेत्रबाट मात्र सम्भव छैन तसर्थ साझेदार र सरोकारवालाहरू पहिचान गरी संजाल निर्माण, समन्वय र सहकार्य गर्नु पर्दछ । त्यस्तै बालक्लव, बालक्लव संजाल, टोल विकास संस्था/समुदायमा आधारित संस्था लगायतका सरोकारवाला र साझेदारहरूलाई क्रमशः बालमैत्री स्थानीय शासन सम्बन्धी अभिमूखीकरण/तालिम/अध्ययन अवलोकन र क्षमता विकास गर्दै लैजानु पर्दछ । योजना तर्जुमाको चरणमा निर्माण गरिएको वडा तथा स्थानीय तहको बालबालिकाको आवधिक/दीर्घकालीन र वार्षिक लगानी योजनाका लागि आवश्यक बजेट विनियोजन गरी योजना कार्यान्वयन गरिए पश्चात सूचक अनुसारको नतिजा सहज रूपमा प्राप्त गर्न सकिन्छ ।

## ६.५ अनुगमन, मल्याङ्कन

हरेक कामको सकारात्मक परिणामको लागि अनुगमन तथा मूल्याङ्कन सबैभन्दा महत्त्वपूर्ण हुन्छ । तसर्थ वडा कार्यालय/गाउँपालिका/नगरपालिकाबाट हरेक गतिविधिहरूको संयुक्त अनुगमन, समीक्षा, मूल्याङ्कन गर्ने र कमि–कमजोरी सुधार्दै लैजाने गरिएको खण्डमा बालमैत्री स्थानीय शासन घोषणा गर्न सहज हुन्छ ।

बालमैत्री स्थानीय शासनका न्यूनतम् सबै सूचकहरूको प्रमाणीकरण स्थानीय तहको सम्बन्धित विषयगत शाखाबाट नै गर्नुपर्दछ । सबै सूचकहरू पुरा भै बालमैत्री घोषणाको तयारीका लागि सम्बन्धित वडा र पालिकाले बालबालिकाको स्थिति–पत्र तयारी गरी प्रकाशन र सार्वजनिकीकरण गरिएको हुनुपर्दछ । यसरी स्थितिपत्र तयारी गरी प्रकाशन र सार्वजनिकीकरण गरेपश्चात वडा घोषणाका लागि जिल्ला समन्वय समिति र पालिका घोषणा गर्नुपूर्व सम्बन्धित प्रदेशको मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट अनुगमन भईसकेको र प्रतिवेदन तयारी गराउनु पर्दछ ।

## ६.६ बालमैत्री वडा/गाउपालिका/नगरपालिका घोषणा

सम्बन्धित निकायबाट अनुगमन गराई प्रतिवेदन तयार भएपश्चात बालमैत्री वडा/गाउँपालिका/नगरपालिका घोषणा पश्चात निरन्तरताको लागि रणनीतिक योजना तर्जुमा गर्नु पर्दछ । बालमैत्री वडा/गाउँपालिका/नगरपालिका घोषणाको लागि तोकिएको निकायबाट अनिवार्य लिखित सहमति प्राप्त गरिसके पश्चात वडा समिति र गाउँ/नगर सभाबाट निर्णय गराई वडा/गाउँपालिका वा नगरपालिकालाई बालमैत्री घोषण गर्न सकिन्छ । बालमैत्री वडा/गाउँपालिका वा नगरपालिका घोषणा गरेपछि सबैकुरा पुरा गरियो भन्ने हुदैन यसलाई सुरुवातको रूपमा बुझ्नुपर्दछ । यसको सबैभन्दा मह  वपूर्ण पाटो भनेको बालमैत्री घोषणा पश्चातको निरन्तरता हो ।

## ६.७ बालमैत्री वडा/गाउँपालिका/नगरपालिका घोषणाको निरन्तरता

बालमैत्री वडा/गाउँपालिका वा नगरपालिका घोषणा पश्चातको निरन्तरता सबैभन्दा मह  पूर्ण कुरा हो तसर्थ निरन्तरताका लागि तयार गरिएको रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयन नै बालमैत्री स्थानीय शासनको निरन्तरता हो । साथै यसको कार्यान्वयनबाट मात्रै सूचक अनुसारको नतिजा प्राप्त भएको सुनिश्चितता प्रदान गर्न सकिन्छ  ।

## ७. बालमैत्री स्थानीय तह घोषणा

बालमैत्री स्थानीय शासन अवलम्बन गरेको स्थानीय तहको सभाले आफ्नो नगर/गाउँपालिका र वडालाई बालमैत्री स्थानीय तह/वडाका रूपमा घोषणा गर्ने व्यवस्था छ तर यसरी घोषणा गर्नु पहिले सम्बन्धित स्थानीय तहको सभाले बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीतिले निर्धारण गरेको सूचक मध्येबाट न्यूनतम् ८० प्रतिशत सूचक पुरा गरेको हुनुपर्नेछ । त्यस्तैगरी सूचक निर्धारण गर्दा सम्बन्धित गाउँ/नगरपालिकाको आवधिक तथा वार्षिक योजना निर्माण गर्दा स्थानीयस्तरको अवस्था अनुसार बालश्रम, बाल विवाह, बाल हिंसा तथा शोषण न्यूनीकरण सम्बन्धी कार्यक्रम समावेश गर्नुपर्दछ । त्यसका साथै स्थानीय अवस्थाका आधारमा छाउपडी, झुमा प्रथा जस्ता सामाजिक विकृतिहरूको अन्त्य गर्ने खालका कार्यक्रमहरू समावेश गर्नुपर्छ । निर्धारित सूचक पुरा भए नभएको सम्बन्धमा संघीय मन्त्रालय, प्रदेश मन्त्रालय र सम्बन्धित जिल्ला समन्वय समितिले अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्दछ । सम्बन्धित निकायले अनुगमन गर्दा निर्धारित सूचकहरू प्राप्त भएको भनि प्रमाणित भएमा मात्र वडा/गाउँपालिका वा नगरपालिकालाई बालमैत्री वडा वा पालिका घोषणा हुन्छ ।

## ८. बालमैत्री स्थानीय शासनका सूचकहरु

सूचक भन्नाले कुनैपनि कुराको मापन गर्ने आधार हो । बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ अनुसार बालमैत्री स्थानीय शासनका ३९ वटा सूचकहरु रहेका छन् (अनुसूची ३)। बालमैत्री स्थानीय शासनको अवलम्बन गर्ने स्थानीय तहहरुले उल्लिखित सूचकहरुलाई आफ्नो नीति, योजना तथा कार्यक्रममा समावेश गरी सञ्चालन गर्नुपर्दछ । राष्ट्रिय रणनीति, २०६८ को मूल मर्ममा प्रभाव नपर्ने गरी सम्बन्धित गाउँपालिका वा नगरपालिकाले स्थानीय स्तरमा उपलब्ध स्रोत, साधन, अवसर र क्षमताको आधारमा सूचकहरु थप गर्न तथा स्थानीयकरण गरी लागू गर्न सक्छन् । बालमैत्री स्थानीय शासनः राष्ट्रिय रणनीतिको परिमार्जित मस्यौदामा थप १२ वटा विस्तारित सूचक समावेश गरिएको छ । बालमैत्री स्थानीय शासनका सूचकहरुलाई बालअधिकारका ४ क्षेत्रहरु बाल बचाउ, बाल संरक्षण, बाल विकास, बाल सहभागिता र संस्थागत विकासका आधारमा समावेश गरिएको छ । परिवर्तित सन्दर्भमा बालमैत्री स्थानीय शासनका न्यूनतम सूचकहरु परिवर्तन हुने क्रममा छन् । यसरी परिवर्तन हुँदा वडा, गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकाका लागि समय सान्दर्भिक र छुट्टाछुट्टै सूचक तय गरिनुपर्छ । यसका साथै सूचकहरु तयार गर्दा, अनलाइन सुरक्षाको विषय, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता भएका, सीमान्तकृत, अति गरीबीका रेखामुनी रहेका, विभेदमा परेका, जोखिम र महामारीमा परेका समुदायका बालबालिकालाई विशेष संरक्षणको व्यवस्था सहित बालबालिका सम्बन्धी ऐन, २०७५ मा भएको व्यवस्था अनुरुप पालिका स्तरमा बालबालिका सम्बन्धी कार्यविधि निर्माण, बाल अधिकार समिति गठन, बालकल्याण अधिकारी नियुक्ति, बालकोष कोष निर्माण, बाल मनोविज्ञको सूचीकरण लगायतको प्रणालीको विकास गरी बालमैत्री स्थानीय शासन अवलम्बन गर्नु पर्दछ ।

## ९. तहगत कार्यान्वयन प्रक्रियामा नागरिक समाजको भूमिका

हाल नेपालको संविधान २०७२ ले तीन तहको सरकारहरूको व्यवस्था गरेको छन् । जस अनुसार संघीय सरकार, सात प्रदेश सरकार र ७५३ स्थानीय तह (सरकार) साथै ७७ जिल्लामा जिल्ला समन्वय समिति रहेका छन् । स्थानीय तहको हकमा ६ महानगरपालिका, ११ उपमहानगरपालिका, २७६ नगरपालिका तथा ४६० गाउँपालिका रहेका छन् । स्थानीय तहको हकमा संविधानको अनुसूचि ८ ले एकल अधिकारको व्यवस्था गरेको छ भने संविधानको अनुसूचि ९ ले साझा अधिकारको व्यवस्था गरेको छ । साथै स्थानीय तहका लागि नेपाल सरकारले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी गरेको छ ।

### ९.१ संघ तह

संघ तहमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत बालमैत्री स्थानीय शासनलाई कार्यान्वयन तथा प्रवद्धर्न गरिने हुँदा यस मन्त्रालयसँग नीति तथा कार्यक्रमका लागि आवश्यक पहल तथा प्रदेश तथा स्थानीय तहमा बालमैत्री स्थानीय शासनलाई कार्यान्वयन गराउँनका लागि उचित वातावरण तयारको अवस्था सिर्जना गराउनु पर्दछ । बालमैत्री स्थानीय शासनले प्रत्यक्ष रुपमा बालबालिकाको मुद्दाहरूको सम्बोधन गरिने हुँदा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालय, गृह मन्त्रालय, श्रम तथा सामाजिक सुरक्षा मन्त्रालय, सवैधानिक आयोगहरूसँग आवश्यक समन्वय गर्न आवश्यक हुन्छ । साथै कार्यान्वयन निकायको हैसियतले राष्ट्रिय बाल अधिकार परिषद्, महिला तथा बालबालिका विभागसँग पनि आवश्यक समन्वयको महत्व राख्दछ ।

बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि संघीय सरोकारवाला निकायसाग नागरिक समाजले निम्न रणनीति तथा भूमिका निर्वाह गर्न आवश्यक रहेको छ ।

१. मन्त्रालयको सम्बन्धित शाखा तथा निकायसँग समन्वय बैठक सञ्चालन,

२. स्थानीय सूचना, जानकारी सहित भेटघाट तथा आवश्यकतानुरुप कार्यपत्र पेश,

३. संघ तहका सञ्जालहरूसँग समन्वय तथा ऐक्यवद्धताका साथ सुझाव,

४. संघ सरकारको वार्षिक नीति, कार्यक्रम र बजेटको विश्लेषण तथा वकालत,

५. व्यवहारगत रुपमा देखिएका समस्या समाधानार्थ मन्त्रालयहरू बीचमा समन्वयात्मक बैठक सञ्चालन पहल, सहजीकरण, अनुरोध ।

## ९.२ प्रदेश तह

प्रदेश तहमा सामाजिक विकास मन्त्रालय अर्न्तगत बालबालिका सम्बन्धी निकाय रहने हुँदा बालमैत्री स्थानीय शासनलाई कार्यान्वयन तथा प्रवर्द्धनका लागि यस मन्त्रालयसँग आवश्यक पहल तथा स्थानीय तहमा बालमैत्री स्थानीय शासनलाई कार्यान्वयन गराउनका लागि उचित वातावरण तयारको अवस्था सिर्जना गराउनु पर्दछ । बालमैत्री स्थानीय शासनले प्रत्यक्ष रूपमा बालबालिकाको मुद्दाहरूको सम्बोधन गरिने हुँदा सामाजिक विकास मन्त्रालय अर्न्तगत सामाजिक क्षेत्रको स्वास्थ्य, शिक्षा तथा सामाजिक विकास निकायसँग समन्वय गर्न आवश्यक हुन्छ । साथै कार्यान्वयन निकायको हैसियतले प्रदेश बाल अधिकार परिषद्, महिला तथा बालबालिका महाशाखासँग पनि आवश्यक समन्वयको मह व राख्दछ ।

बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि प्रदेश सरोकारवाला निकायसँग नागरिक समाजले निम्न रणनीति तथा भूमिका निर्वाह गर्न आवश्यक रहेको छः–

१. मन्त्रालयको सम्बन्धित शाखा तथा निकायसँग समन्वय बैठक सञ्चालन,

२. स्थानीय सूचना, जानकारी सहित भेटघाट तथा आवश्यकतानुरुप कार्यपत्र पेश,

३. प्रदेश तहका सञ्जालहरूसँग समन्वय तथा ऐक्यवद्धताका साथ सुझाव,

४. प्रदेश सरकारको वार्षिक नीति, कार्यक्रम र बजेटको विश्लेषण तथा वकालत,

५. व्यवहारगत रूपमा देखिएका समस्या समाधानार्थ मन्त्रालयहरू तथा महाशाखाहरू बीचमा समन्वयात्मक वैठक सञ्चालन पहल, सहजीकरण, अनुरोध ।

## ९.३ स्थानीय तह

स्थानीय तहमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार हरेक पालिकामा पाँच क्षेत्रगत समितिहरू रहने व्यवस्था अनुसार बालबालिका सम्बन्धि कार्यक्रमहरू सामाजिक विकास समिति अर्न्तगत हुने हुँदा बालमैत्री स्थानीय शासनलाई कार्यान्वयन तथा प्रवर्द्धनका लागि यस विषयगत समितिसँग आवश्यक पहल गरी स्थानीय तहमा बालमैत्री स्थानीय शासनलाई कार्यान्वयन गराउनु पर्दछ । बालमैत्री स्थानीय शासनले प्रत्यक्ष रूपमा बालबालिकाको मुद्दाहरूको सम्बोधन गरिने हुदाँ सामाजिक विकास क्षेत्र अर्न्तगत सामाजिक क्षेत्रको स्वास्थ्य, शिक्षा तथा बालबालिका शाखासँग समन्वय गर्न आवश्यक हुन्छ ।

बालमैत्री स्थानीय शासन कार्यान्वयनका पालिका तथा वडा तहमा नागरिक समाजले निम्न रणनीति तथा भूमिका निर्वाह गर्न आवश्यक रहेको छ ।

१. सम्बन्धित शाखा तथा निकायसँग समन्वय वैठक सञ्चालन तथा आवश्यकतानुरुप क्रियाकलापहरूमा सहयोग, सहजीकरण,

२. भेटघाट तथा कार्यपत्र पेश, योजना निर्माणकार्यमा बालबालिकाको अर्थपूर्ण सहभागितालागि बालक्लवको गठन, पुर्नगठन, बालभेला आदिमा सहजीकरण ।

३. स्थानीय तहका सामाजिक संस्थाहरूसँग समन्वय तथा ऐक्यवद्धताका साथ सुझाव,

४. सूचकहरू स्थानीयकरण गर्दा यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता भएका, सीमान्तकृत, अति गरीबीका रेखामुनी रहेका, विभेदमा परेका, जोखिम र महामारीमा परेका समुदायका बालबालिकालाई विशेष संरक्षणको व्यवस्था सहित बालबालिका सम्बन्धी ऐन, २०७५ मा भएको व्यवस्था अनुरुप पालिका स्तरमा बालबालिका सम्बन्धी कार्यविधि निर्माण, बाल अधिकार समिति गठन, बालकल्याण अधिकारी नियुक्ति, बालकोष कोष निर्माण, बाल मनोविज्ञको सूचीकरण लगायतको प्रणालीको विकास लागि सहकार्य,

५. स्थानीय सरकारको वार्षिक नीति, कार्यक्रम र बजेटको विश्लेषण तथा वकालत,

६. वडातहमा बालमैत्री स्थानीय शासन सम्बन्धी अभिमूखीकरणका लागि सहकार्य,

७. पालिकामा कार्यपालिका तथा व्यवस्थापिकाहरूलाई बालमैत्री स्थानीय शासन सम्बन्धी अभिमूखीकरणका लागि सहकार्य,

८. वडा तहमा बालमैत्री स्थानीय शासन कार्यन्वयनका लागि बजेट विनियोजनका लागि वकालत,

९. पालिका तहमा बालमैत्री स्थानीय शासन कार्यन्वयनका लागि बजेट विनियोजनका लागि वकालत,

१०. वडा तथा पालिकातहमा बस्तुगत विवरण तयारका लागि सहकार्य,

११. वडा तथा पालिकातहमा बालमैत्री स्थानीय शासनका सूचकहरू निर्धारणका लागि सहकार्य,

१२. बालमैत्री स्थानीय शासनका सूचकहरूको आधारमा अवस्था विश्लेषणमा सहकार्य,

१३. बालमैत्री स्थानीय शासनका सूचकहरूको परिपूर्ति तथा निरन्तरताका लागि आवश्यक सहयोग, समन्वय तथा सहकार्य,

१३. बालमैत्री, अपाङ्गतामैत्री, लैङ्गकमैत्री भौतिक संरचना तथा प्रत्येक वडामा बालमैत्री पार्क निर्माण निम्ति सहकार्य,

१४. बालमैत्री स्थानीय शासन घोषणा पश्चात नियमित अनुगमनका लागि नागरिक समिति गठन,

१५. गठित समितिबाट नियमित अनुगमन तथा सम्बन्धित पालिकामा प्रतिवेदन पेश,

१६. बालमैत्री स्थानीय शासन घोषणा पश्चात वार्षिक बजेट विनियोजनका लागि वकालत,

१७. बालमैत्री स्थानीय शासनको अवलम्बन, कार्यान्वयन, घोषणादेखि यसको निरन्तरतासम्मको लागि समुदाय तथा सरोकारवालाहरू बीच सचेतना, क्षमता अभिवृद्धि तथा सहकार्य ।

# स्थानीय तह वार्षिक योजना (बजेट तथा कार्यक्रम) तर्जुमाका चरण र समय सीमा

| क्र.सं. | चरण | समय सीमा |
|---|---|---|
| १ | आय व्ययको प्रक्षेपण गरिएको तथ्याङ्क सहितको विवरण नेपाल सरकारमा पेश | पुष मसान्तभित्र |
| २. | संघ र प्रदेशबाट वित्तीय हस्तान्तरणको सीमा र मार्गदर्शन प्राप्ति<br>क) संघबाट<br>ख) प्रदेशबाट | फागुन मसान्तभित्र<br>चैत्र मसान्तभित्र |
| ३ | बिषयगत क्षेत्र छुटपाउने<br>स्रोत अनुमान तथा यजेट सीमा निधरिण<br>• स्थानीय राजस्व परामर्श समितिले सम्बन्धित स्थानीय तहको कार्यपालिकामा राजस्व प्रक्षेपण गरी पेश गरिसक्नु पर्ने ।<br>• स्रोत अनुमान तथा बजेट सीमा निधरिण समितिले स्थानीय तहको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण सम्पन्न गरिसक्नु पर्ने । | पौष १५ गते भित्र<br>बैशाख १० गते भित्र |
| ४ | आगामी अर्थिक वर्षको बजेट सीमा गाउँपालिका/नगरपालिकाका विषयगत महाशाखा, शाखा तथा वडा समितिलाई पठाउने | बैशाख १५ गतेभित्र |
| ५ | बडास्तरीय योजना तर्जुमा र प्राथमिकता निधरिण | जेठ १५ गतेभित्र |
| ६ | एकीकृत बजेट तथा कार्यक्रम तर्जुमा | जेठ मसान्तभित्र |
| ७ | कार्यपलिकाबाट स्वीकृति | असार ५ गतेभित्र |
| ८ | सभामा पेश | असार १० गतेभित्र |
| ९ | बजेट तथा कार्यक्रम सम्बन्धित सभाबाट स्वीकृति | असार मसान्तभित्र |
| १०. | बजेट तथा कार्यक्रम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गर्नुपर्ने | साउन १५ गतेभित्र |

N-CFLG Forum
For the Children

## सन्दर्भ सामाग्रीहरु


- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- बालश्रम (निषेध र नियमित) ऐन, २०५६
- बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२
- बालबालिका सम्बन्धी ऐन, २०७५
- बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय ।
- बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ र बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०६८, नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरबार, काठमाडौँ ।
- मुलुकी देवानी (संहिता) ऐन, २०७४
- मुलुकी अपराध (संहिता) ऐन, २०७४
- नेपालमा बालबालिकाको स्थिति प्रतिवेदन, २०७७, राष्ट्रिय बाल अधिकार परिषद् ।
- नेपालको संविधान
- पन्ध्रौँ राष्ट्रिय योजना, (आर्थिक वर्ष २०७६/७७(२०८०/८१) राष्ट्रिय योजना आयोग ।
- दिगो विकास लक्ष्य, सन् २०१५
- बालमैत्री स्थानीय शासन संक्षिप्त जानकारी पुस्तिका, २०७७ ।

## अनुसूचि १ बालमैत्री स्थानीय शासन समितिहरूः

### बालमैत्री स्थानीय शासन गाउ/नगर समितिः

(१) अध्यक्ष/प्रमुख, गाँउ/नगरपालिका -अध्यक्ष
(२) उपाध्यक्ष/उप-प्रमुख, गाँउ/नगरपालिका -उपाध्यक्ष
(३) गाँउ/नगर कार्यपालिकाको महिला सदस्य १ जना - सदस्य
(४) गाँउ/नगरपालिकाले मनोनयन गरेको महाशाखा/शाखा प्रमुखहरू
(स्वास्थ्य, शिक्षा महिला, खानेपानी तथा सरसफाइ) -सदस्य
(५) गैसस महासंघ गाँउ/नगरपालिका स्तरीय शाखाको प्रतिनिधि
(महिला र बालवालिकाको क्षेत्रमा कार्यरत गैर सरकारी संघसंस्था मध्येबाट
महासंघले मनोनयन गरेको प्रतिनिधि) १ जना - सदस्य
(६) स्थानीय विद्यालय र स्वास्थ्य व्यवस्थापन समितिहरू मध्येबाट
गाँउ/नगरपालिकाले मनोनयन गरेको प्रतिनिधि (१/१ जना) -सदस्य
(७) गाँउ/नगरपालिकामा कार्यरत महिला शिक्षिका वा महिला स्वास्थ्य स्वयंसेविका
मध्येबाट गाँउ/नगरपालिकाले मनोनयन गरेको प्रतिनिधि (१ जना) -सदस्य
(८) गाँउ/नगरपालिकास्तरीय बाल संजालका प्रतिनिधि २ जना
(कम्तिमा १ जना बालिका समेत) -सदस्य
(९) महिला र बालबालिकाको क्षेत्रमा काम गर्ने सामुदायिक
संस्था वा समूह मध्ये गाँउ/नगरपालिकाले तोकेको महिला प्रतिनिधि, (१ जना) -सदस्य
(१०) गाँउ/नगरपालिका क्षेत्रमा रहेका प्रहरी कार्यालय/चौकि मध्ये १ का
महिला तथा बालबालिका सेल हेर्ने प्रतिनिधि १ जना -सदस्य
(११) प्रमुख प्रशासकीय अधिकृत, गाँउ/नगरपालिका -सदस्य-सचिव

### बालमैत्री स्थानीय शासन वडा समितिः

वडास्तरमा बालमैत्री स्थानीय शासन सञ्चालन गर्नका लागि देहाय बमोजिमको बालमैत्री स्थानीय शासन वडा समिति रहनेछ :

(१) वडा अध्यक्ष -अध्यक्ष
(२) वडा अध्यक्षले तोकेको वडा कार्यपालिकाको महिला/दलित महिला सदस्य -उपाध्यक्ष
(३) स्थानीय स्वास्थ्य संस्थाका प्रमुख वा प्रतिनिधि (१ जना) -सदस्य
(४) महिला र बालवालिकाको क्षेत्रमा कार्यरत स्थानीय गैरसरकारी संघसंस्था वा
सामुदायिक संस्था वा टोल विकास संस्था मध्येबाट वडा समितिले मनोनयन गरेको प्रतिनिधि (१ जना) -सदस्य
(५) वडामा रहेका विद्यालय वा स्वास्थ्य व्यवस्थापन समिति मध्येबाट वडा
समितिले मनोनयन गरेको प्रतिनिधि (१ जना) -सदस्य
(६) वडामा कार्यरत महिला स्वास्थ्य स्वयंसेविका मध्येबाट वडा समितिले
मनोनयन गरेको प्रतिनिधि (१ जना) -सदस्य
(७) वडास्तरीय बाल संजालका प्रतिनिधि २ जना (कम्तिमा १ जना बालिका) -सदस्य
(८) महिला र बालवालिकाको क्षेत्रमा काम गर्ने सामुदायिक संस्था वा समूह
मध्ये वडा समितिले तोकेको महिला प्रतिनिधि, (१ जना) - सदस्य
(९) प्रतिनिधि, वडा बाल संरक्षण समिति - सदस्य
(१०) वडा सचिव -सदस्य-सचिव

## बालमैत्री स्थानीय शासन समुदायस्तरीय समितिः

| | |
|---|---|
| (१) सामुदायिक संस्था वा समूहका अध्यक्षहरूमध्ये वडा समितिले तोकेको प्रतिनिधि | -अध्यक्ष |
| (२) स्थानीय विद्यालयका प्रधानाध्यापकहरू मध्ये सामुदायिक संस्था वा समूहले छनौट गरेको १ जना प्रतिनिधि | -सदस्य |
| (३) समुदायमा रहेका बाल समूहमध्ये सामुदायिक संस्था वा समूहले छनौट गरेका १ जना बालिका सहित २ जना बाल प्रतिनिधि | -सदस्य |
| (४) महिला र बालवालिकाको क्षेत्रमा काम गर्ने सामुदायिक संस्था वा समूह मध्ये वडा समितिले तोकेको महिला प्रतिनिधि, (१ जना | -सदस्य |
| (५) सामुदायिक संस्था वा समुहका सचिव वा व्यवस्थापक मध्येबाट उनीहरूले छानेको प्रतिनिधि (१ जना) | -सदस्य |
| (६) वडा समिति तोकेको व्यक्ति | - सदस्य-सचिव |

•



N-CFLG Forum

## अनुसूचि २ : स्थानीय सरकारको बजेट तयारीका चरणहरु तथा समयावधि

वर्तमान व्यवस्था अनुसार स्थानीय तहहरुले योजना तर्जुमा गर्ने प्रक्रियालाई सात चरणमा विभाजन गरेर बुझ्न सकिन्छ । स्थानीय तहहरुले आफ्नो नगर गाउँमा नयाँ सुरु हुने आर्थिक वर्षमा कुन–कुन क्षेत्रमा प्राथमिकता दिने, के–कस्तो नीति तथा कार्यक्रम सञ्चालन गर्ने र सोका लागि के– कती बजेट लाग्छ भनी गरिने छलफल, अध्ययन, मूल्याङ्कन र समीक्षाको प्रक्रिया नै स्थानीय योजना तर्जुमा प्रक्रिया हो । जसमा जनप्रतिनिधि, जनसमुदाय र विभिन्न सरोकारवालाहरुसँगको छलफल, अध्ययन, मूल्याङ्कन र समीक्षाको अध्ययन, मूल्याङ्कन र समीक्षाको प्रक्रियाबाट सो आर्थिक वर्षको लागि नीति तथा कार्यक्रम र बजेट तयार हुन्छ ।

## स्थानीय सरकारको बजेट तयारीका ७ चरण

### पहिलो चरणः केन्द्र तथा प्रदेशबाट जाने अनुदान र बजेट मार्गदर्शन

पहिलो चरणमा केन्द्र तथा प्रदेश सरकारले अनुदानसँगै बजेट मार्गदर्शन पनि स्थानीय तहलाई पठाउँछन् । बजेट मार्गदर्शनमा केन्द्र तथा प्रदेश सरकारको नीति, केन्द्रीय अनुदान तथा स्थानीय बजेट तर्जुमा गर्दा स्थानीय तहले प्राथमिकता दिनु पर्ने विषयहरु समावेश हुनेछ ।

### दोस्रो चरणः स्रोत अनुमान र क्षेत्रगत सीमा निर्धारण

यो चरणमा स्थानीय सरकारले केन्द्रीय प्रदेश सरकारले दिने अनुदान, स्थानीय तहमा संकलन हुने राजश्व लगायतका स्रोतहरुबाट प्राप्त हुने कुल आम्दानी अनुमान गर्नुपर्ने हुन्छ । स्थानीय तहले केन ीय र प्रादेशिक अनुदान बाहेक संविधानले निर्धारण गरेको क्षेत्रको राजश्व संकलन गर्न सक्छ ।

### तेस्रो चरणः बस्तीबाट योजना छनौट

स्थानीय तहको बजेट तर्जुमामा जनसहभागिताका हिसाबले सबैभन्दा महत्त्वपूर्ण चरण नै यही हो । स्थानीय तह भित्रका स–साना बस्ती र टोलले स्थानीय भेला मार्फत आफ्ना योजनाहरु छनौट गर्छन् ।

### चौथो चरणः वडाबाट योजना छनौट

बस्तीबाट छनौट भएका योजनाहरुबारे यो चरणमा वडामा छलफल हुन्छ । यसले योजनाहरुको प्राथमिकता पनि निर्धारण गर्छ ।

### पाँचौं चरणः विषयगत समितिमा छलफल र एकीकृत योजना तर्जुमा

बजेट तर्जुमाको पाँचौं चरणमा वडाबाट पारित भएर आएका योजनामाथि विषयगत समितिमा छलफल हुन्छ । विषयगत समितिले योजनाहरुको प्राथमिकता र त्यसका लागि चाहिने बजेट निर्धारण गर्छ ।

### छैटौं चरणः कार्यपालिकाले बजेट पारित गर्ने

एकीकृत योजना तर्जुमा समितिले तयार गरेको एकीकृत बजेट गाउँ वा नगर कार्यपालिकामा छलफलका लागि लगिन्छ । जसरी केन्द्र सरकारले बजेट संसदमा प्रस्तुत गर्नुअघि मन्त्रिपरिषद् बैठकले पारित गर्छ, ठीक त्यसैगरी गाउँ वा नगर कार्यपालिकाको बैठकले बजेटमाथि छलफल गरी पारित गर्छ ।

### सातौं चरणः सभामा छलफल र बजेट पारित

कार्यपालिकाले पारित गरेको बजेट उपमेयर वा उपाध्यक्षले गाउँ वा नगर सभामा प्रस्तुत गर्छन् । सभामा प्रमुख र उपप्रमुख/अध्यक्ष र उपाध्यक्ष वडा अध्यक्ष र प्रत्येक वडाका चार सदस्य रहन्छन् । सभाबाट छलफल भई पारित भएपछि बजेट कार्यान्वयनमा जान्छ । बजेट कार्यान्वयनको दायित्व गाउँ वा नगर कार्यपालिकाको हुन्छ ।

## अनुसूचि ३ : बालमैत्री स्थानीय शासनका सूचकहरु

| क्र.सं. | क) बाल बचाउ |
|---|---|
| १) | महिनासम्मको शिशुलाई आमाले अनिवार्य रूपमा पूर्ण स्तनपान (आमाको दूध मात्रै खुवाउने) गराएका हुनेछन् |
| २) | एक वर्षभित्रका प्रत्येक बालबालिकाले पूर्ण रूपमा खोप (डिपिटी, विसिजी, हेपटाइटिस बि, हिब ३, दादुराको मात्रा) लगायतको खोप पाएका हुनेछन् । |
| ३) | ६ महिनादेखि ५ वर्षसम्मका बालबालिकाले वर्षको २ पटक भिटामिन ए क्याप्सुल खाएका हुनेछन् |
| ४) | गर्भवती आमाले दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराएका हुनेछन् । |
| ५) | गर्भवती महिलाहरूले कम्तिमा प्रसूति पूर्व चारपटक र प्रसूति पश्चात आमा र नवजात शिशुको कम्तिमा ३ पटक स्वास्थ्य जाँच गराएका हुनेछन् । |
| ६) | गर्भवती महिलाले टिटानस विरुद्धको २ वटा खोप लगाएका हुनेछन् । |
| ७) | गर्भवती तथा सुत्केरी आमाहरूले आईरन चक्की (जम्मा २२५ वटा) खाएका हुनेछन् । |
| ८) | एच्आईभी संक्रमित आमाबाट जन्मिएका सबै बालबालिकाले ब्च्ख एचयउजथबिहष्कपाएका हुनेछन् । |
| ९) | सबै घरधुरीमा पिउन योग्य खानेपानीको सुविधा उपलव्ध भएको हुनेछ । |
| १०) | चर्पी गएपछि, खाना खानु अगाडि र बालबालिकाको दिसा धोए पछि सावुन पानीले हात धुने परिपाटीको विकास भएको हुनेछ । |
| | **ख) बाल संरक्षण** |
| ११) | ५ वर्ष मुनीका सबै बालबालिकाको अनिवार्य जन्म दर्ता भएको हुनेछ । |
| १२) | बाल विवाहको संख्यामा कमी आएको हुनेछ । |
| १३) | निकृष्ट प्रकारको बालश्रम दर घटेको हुनेछ । |
| १४) | रपरिवार र समुदायबाट बालबालिका विरुद्ध हुने हिंसा, बेचबिखन, शोषण, बालविवाह दुर्व्यवहार जस्ता घरेलु हिंसा कम गर्ने कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याईएको हुनेछ । |
| १५) | बाल संरक्षण सम्बन्धी समुदायमा आधारित बाल संरक्षण प्रणालीलाई सञ्चालनमा ल्याईएको हुनेछ । |
| | **ग) बाल विकास** |
| १६) | ३ देखि ४ वर्षसम्मका बालबालिका प्रारम्भिक बालविकास कक्षामा भर्ना भएका हुनेछन् । |
| १७) | कक्षा १ को लागि विद्यालय जाने उमेर समूहका शत्प्रतिशत बालबालिका विद्यालय भर्ना भएका हुनेछन् । |
| १८) | ५ देखि १२ वर्ष उमेर समूहका बालबालिकाले आधारभूत शिक्षा (१ देखि कक्षा ८ सम्म) |
| १९) | पाएका हुनेछन् औपचारिक शिक्षाबाट वंचित बालबालिकाको लागि अनौपचारिक शिक्षा प्राप्त गर्ने व्यवस्था भएको हुनेछ । |
| २०) | प्रत्येक विद्यालयमा छात्र-छात्राको लागि अलग-अलग शौचालयको व्यवस्था भएको हुनेछ । |
| २१) | प्रत्येक विद्यालयमा अतिरिक्त क्रियाकलाप सम्बन्धी कार्यक्रम सञ्चालन भएको हुनेछ । |

| क्र.सं. | घ) बाल सहभागिता |
|---|---|
| २२) | स्थानीय तहको निर्णय प्रक्रियामा १२ देखि १८ वर्षसम्मका बालबालिकाको संस्थागत सहभागिताको संयन्त्र विकास गरी सहभागी गराईएको हुनेछ । |
| २३) | स्थानीय तहले सञ्चालन गर्ने योजनामा बालबालिकाको योजना तथा कार्यक्रम समेटिएको हुनेछ । |
| २४) | विद्यालय व्यवस्थापन समितिमा संस्थागत तवरबाट बालबालिकाको आवाज सुनिने व्यवस्था सुनिश्चित भएको हुनेछ । |
| २५) | स्वास्थ्य व्यवस्थापन समितिमा बाल समूहको प्रतिनिधित्व हुनेछ । |
| २६) | गा.पा.वडाको हकमा हरेक गा.पा.को वडामा बालसमूहको सञ्जाल र नगरपालिकाको हकमा नगरपालिकाको प्रत्येक वडामा बालसमूह गठन भै क्रियाशील रहेको हुनेछ । |
| २७) | जिल्ला र नगर,गा.पा. तहमा बाल संजाल गठन भई क्रियाशील भएको हुनेछ । |
| | **संस्थागत विकास सम्बन्धी सूचकहरु** |
| २८) | स्थानीय तहको सभा नियमित रुपमा सञ्चालन भएको हुनेछ । |
| २९) | स्थानीय तहहरुले आफ्नो लागि बालमैत्री व्यवहार, आचार संहिता, विनियम, निर्देशिका तथा कार्यविधिहरु तर्जुमा गरी पूर्ण रुपमा कार्यान्वयनमा ल्याएका हुनेछन् । |
| ३०) | स्थानीय तहमा बालमैत्री स्थानीय शासन प्रवर्द्धन समिति गठन भएको हुनेछ । |
| ३१) | स्थानीय विद्यालयहरुमा विद्यालय व्यवस्थापन समिति क्रियाशील रहनेछन् । |
| ३२) | स्थानीय स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य व्यवस्थापन समिति क्रियाशील रहनेछन् |
| ३३) | स्थानीयस्तरमा बाल विकास केन्द्र, बाल कक्षा तथा पूर्व प्राथमिक कक्षाहरु सञ्चालन भएका हुनेछन् । |
| ३४) | स्थानीयस्तरमा बाल समूहहरुको सक्रियता रहनेछ । |
| ३५) | स्थानीयस्तरमा निगरानी समूह जस्ता महिला समूहहरुको सक्रियता रहनेछ र यस्ता समितिहरु बाल अधिकार संरक्षण र सम्बर्द्धनमा क्रियाशील रहनेछन् । |
| ३६) | स्थानीय स्तरमा बाल संजाल विकास भएको हुनेछ र जिल्लास्तरसम्म उनीहरुको प्रतिनिधित्व रहनेछ । |
| ३७) | बालबालिकाका लागि स्थानीय विकास योजना र लगानी योजना तर्जुमा भै कार्यान्वयन भएको हुनेछ । |
| ३८) | जिल्ला, नगर तथा गाँउ विकास योजनामा बालबालिकासँग सम्बन्धित योजना तथा कार्यक्रम समेटी एकीकृत नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन भएको हुनेछ । |
| ३९) | बालबालिका सम्बन्धी स्थिति-पत्र तयारी तथा प्रकाशन र अद्यावधिक भएको हुनेछ । |

बालमैत्री स्थानीय शासनः राष्ट्रिय रणनीति २०७४
मस्यौदामा समावेश गरिएको थप

## विस्तारित सूचक

| क्र.सं. | सूचक |
|---|---|
| क) | बाल बचाउँ |
| १ | एउटा सन्तान र आर्को सन्तानको कम्तीमा ३ वर्षको हुनेछ । |
| ख) | बाल संरक्षण |
| १ | गाउँपालिका/नगरपालिका क्षेत्रमा सडक वालवालिकाको संख्यामा कमी आएको हुनेछ । |
| २ | वडा/गापा/नपामा रहेको विद्यालयहरुको बालबालिकालाई शारीरीक तथा मानसिक यातना दिने छैन्न् । |
| ३ | कूलतमा लागेको बालबालिकाको लागि बाल सुधार गृह सञ्चालनमा ल्याएको हुनेछन् |
| ग | बाल विकास |
| १ | प्रारम्भिक बालविकास केन्द्रहरुले स्थानीय तहले तोकेको न्यूनतम् मापदण्ड पुरा गरेको हुनेछन् । |
| २ | विद्यालयले कक्षा ६ देखि १० सम्मका विद्यर्थीहरुको लागि बालमैत्री, वातावरणमैत्री र विपत व्यवस्थापन सम्बन्धी अतिरिक्त कक्षा संचालन गरेका हुनेछन् । |
| ३ | आधारभूत शिक्षा पश्चात विद्यालय शिक्षाबाट वञ्चित भएका बालबालिकाहरुले जीवनउपयोगी शिक्षा (व्यवसायिक तथा सिपमूलक तालिम) प्राप्त गरेका हुनेछन् । |
| घ | बाल सहभागिता |
| १ | वडा र स्थानीय तहले उत्कृष्ट कार्य गर्ने वाल क्लब/संजाल लाई वार्षिक रुपमा सम्मान र पुरस्कृत गरेका हुनेछन् । |
| ङ | संस्थागत विकास |
| १ | स्थानीय तहमा रहेका प्रहरी (कार्यालय चौकीहरुमा बालमैत्री कक्षा वा बालमै्त्री सम्पर्क ईकाई रहेको हुनेछ । |
| २ | विद्यार्थी सवार हुने शैक्षिक संस्थाका सवारी साधनहरु स्थानीय तहले तोकेको न्यूनतम् मपदण्ड अनुसार बालमैत्री र अपांगमैत्री हुनेछन् । |
| ३ | नगरकार्यपालिका/गाउँकार्यपालिका/वडा कार्यालय र प्रत्येक स्वास्थ्य संस्थामा एक बालमैत्री कक्षा रहेको हुनेछ । |
| ४ | बसपार्क, सिनेमा हल, खेल मैदान जस्ता सार्वजनिक स्थलहरुमा बालमैत्री शौचालय र खानेपानी धारको व्यवस्था भएको हुनेछ । |



N-CFLG Forum
For the Children

“बालमैत्री स्थानीय शासन प्रवर्द्धन गरौं,बालबालिकामा लगानी गरौं”

# बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि नागरिक संघसंगठनको भूमिका




प्रकाशन

N-CFLG Forum
For the Children

सहयोग

Save the Children

संयोजन

JCYCN 2001
JAGRITI CHILD AND YOUTH CONCERN NEPAL
जागृति बाल तथा युवा सरोकार नेपाल

## बालमैत्री स्थानीय शासन राष्ट्रिय मञ्चको परिचय

बालमैत्री स्थानीय शासन राष्ट्रिय मञ्च बालमैत्री स्थानीय शासनको अवधारणालाई प्रवर्द्धन गर्न लागिपरेका बालक्लवका पूर्व सदस्यहरूको नेतृत्वमा सन् २०१७ मा स्थापना गरिएको राष्ट्रिय सञ्जाल हो । सातै वटा प्रदेशको प्रतिनिधित्व हुने गरी १५ वटा संस्थाहरू सदस्यता रहेको यस मञ्चको सचिवालय जागृति बाल तथा युवा सरोकार नेपालमा रहेको छ । यसले संघीय, प्रदेश सरकार, विकासका साझेदार संस्था नागरिक संघ संगठन सरोकारवालाहरूसँगको समन्वय र हरेक स्थानीय तहमा बालबालिकाको समेत अर्थपूर्ण सहभागितामा बालबालिका केन्द्रित विकास तथा लगानी योजनाको निमार्ण तथा कार्यन्वयनका साथ बालमैत्री अवधारणालाई प्रवर्द्धन गर्दछ । हाल यसले बालमैत्री स्थानीय शासनको विषयमा सरोकारवालाको क्षमता अभिवृद्धि, सचेतना बृद्धि, अभियान, पैरवी, वकालत र सकारात्मक सिकाइका, प्रमाण माध्यमबाट अत्यधिक सीमान्तकृत र पिछडिएका बालबालिकाको बालमैत्री स्थानीय शासनमा मूलधार र समावेशीकरण सुनिश्चित गरी मुलुकमा बालमैत्री स्थानीय शासनको विषयलाई सुदृढीकरण गर्नका लागि विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्था, विकासका साझेदारहरू सहित सबै सरोकारवालाहरूको समन्वय, सहयोग र स ाझेदारीमा काम गरिरहेको छ ।

N-CFLG Forum
• For the Children •

# बालमैत्री स्थानीय शासन राष्ट्रिय मञ्च

**Secretariat: Jagriti Child and Youth Nepal (JCYCN)**
Lalitpur Metropolitan City-03 =, Nayabatom Sanepa, Nepal
Phone: +977-15554717 | Email: ncflgfourn@gmail.com
Web: http//www/ncflgforum.org